# राष्ट्रिय मानव अधिकार आयोगको २३ औँ वार्षिकोत्सवको उपलक्ष्यमा आयोगका माननीय अध्यक्ष श्री तप बहादुर मगरले दिनु भएको मन्तव्य

**यस कार्यक्रमका प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री श्री पुस्पकमल दाहाल (प्रचण्ड) ज्यू**

**माननीय मन्त्रीज्यू, प्रतिनिधि सभा तथा राष्ट्रिय सभाका माननीय सदस्यहरु**

**संवैधानिक आयोगका माननीय अध्यक्षज्यूहरु तथा सदस्यज्यूहरु,**

**नेपाल सरकारका उच्च पदस्थ अधिकारीहरु,**

**UN Resident Coordinator Ms. Hanaa Fikry Ahmed Singer**

**गैर सरकारी संस्था महासंघका अध्यक्ष राम प्रसाद सुवेदीज्यू**

**अन्य विशिष्ट महानुभावहरू**

आज राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो स्थापनाको २३ औँ वर्ष पार गर्दैछ । यस अवसरमा आयोग स्थापनाका लागि निरन्तर संघर्ष र योगदान गर्नुहुने सम्पूर्ण अग्रजहरू प्रति सम्मान व्यक्त गर्न चाहन्छु । यसै अवसरमा आयोजित कार्यक्रममा उपस्थित भइदिनुहुने प्रमुख अतिथिज्यू सहित सम्पूर्ण स्वदेशी तथा विदेशी पाहुना र शुभेच्छुकहरूमा आयोग र मेरो तर्फबाट हार्दिक स्वागत गर्दछु ।

आयोग स्थापनामा योगदान गर्नुभएका अग्रजहरुले देखेको सपनाले एउटा ठोस आकार लिएको छ । आयोग मानव अधिकारको संरक्षण र संवर्धन गर्नका लागि नागरिकको विश्वास र भरोसा प्राप्त एउटा महत्त्वपूर्ण संवैधानिक निकायको रूपमा स्थापित हुन सफल भएको छ । यो सबै यहाँहरुको निरन्तर सहयोगबाट नै सम्भव भएको हो । यस अवधिमा आयोगलाई अनेकौं चुनौतीको सामनासँगै अभूतपूर्व अनुभव पनि प्राप्त भएको छ ।

राष्ट्रिय मानव अधिकार आयोग मानव अधिकारको संरक्षण र सम्बर्धनका लागि सदा क्रियाशील छ । आयोगले केन्द्रीय कार्यालय सहित ११ वटा कार्यालयमार्फत रणनीतिक योजना तयार गरी कार्य गरिरहेको छ । यसै वर्ष सुर्खेतमा नयाँ प्रदेश कार्यालय स्थापना भएको छ । आयोगले स्थापनाकालदेखि नै मानव अधिकार उल्लंघन भएका घटनाहरूमा अनुसन्धान र निर्णय गर्दै दोषीलाई कारवाही र पीडितलाई क्षतिपूर्तिका लागि सिफारिस गर्दै आएको छ । अनुगमन तथा अनुसन्धानबाट प्राप्त तथ्यका आधारमा प्रेस विज्ञप्ति, प्रेस नोट, पत्रकार सम्मेलन तथा पत्राचारको माध्यमबाट सम्बन्धित विषयहरूमा सम्बोधन गर्नको लागि नेपाल सरकारलगायत अन्य सम्बद्ध पक्षको ध्यानाकर्षण समेत गराउँदै आएको छ ।

यस अवधिमा आयोगले बाल अधिकार समितिमा आवधिक प्रतिवेदन बुझाएको छ भने महिला विरुद्ध हुने भेदभाव विरुद्धको समितिमा सरोकारवालाहरुको समन्वय र सहकार्यमा प्रतिवेदन बुझाउने तयारी गरिरहेको छ । यसबाहेक एसिया प्यासिफिक फोरम, राष्ट्रिय मानव अधिकार संस्थाहरुको विश्वव्यापी सञ्जाल लगायतका अन्तर्राष्ट्रिय फोरमहरुमा सहभागी हुनुका साथै संयुक्त राष्ट्रसंघीय विभिन्न निकायसँगको सहकार्य र समन्वयमा कार्य गर्दै आएको छ । तेस्रो चक्रको विश्वव्यापी आवधिक समिक्षाबाट नेपाललाई प्राप्त सिफारिसहरू तथा पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनलाई जोड दिँदै आएको छ । आयोगले विगतदेखि नै नेपाली आप्रवासी कामदारको अधिकार संरक्षण सम्बन्धमा विदेशका अन्य आयोगहरूसँग समेत सहकार्य गर्दै मलेशियाको मानव अधिकार आयोगसँग आयोगले समझदारीपत्रमा हस्ताक्षर गरेको छ । निकट भविष्यमा विदेशका अन्य मानव अधिकार आयोगहरूसँग समेत समझदारीपत्रमा हस्ताक्षर गर्ने कार्यक्रम तय भएको छ ।

आयोग स्थापनाको २३ वर्षमा १३,१७९ उजूरी दर्ता हुन आएकामा ७५३८ उजूरी फच्छ्यौंट हुँदा १४०२ वटा उजूरीउपर सिफारिस गरिएको छ । जसमा नीतिगत सिफारिसहरु समेत रहेका छन् । यस आ.व.मा मात्र ३८२ वटा उजूरीउपर निर्णय हुँदा ९६ वटा सिफारिस गरिएको छ । यस अवधिमा चर्चित गौर घटना, यौनहिंसाका जघन्य मानव अधिकार उल्लंघनका उजरीहरू, विकासको अधिकार, अपाङ्गता भएका व्यक्तिहरुको अधिकार, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, व्यवसाय र मानव अधिकार लगायतका घटनाहरूमा सिफारिस भएका छन् ।

आयोगले नेपाल सरकारलाई गरेको सिफारिस कार्यान्वयनको प्रतिशत हेर्दा १५.०३ प्रतिशत पूर्ण, ३९.०२ प्रतिशत आंशिक र कार्यान्वयन हुन नसकेको ४५.०५ प्रतिशत रहेको छ । पीडितलाई क्षतिपूर्तिका लागि आयोगले सिफारिस गरेकोमा पर्याप्त बजेट निकासा र छुट्टै कोषको अभावमा सबै पीडितहरूले क्षतिपूर्ति समेत पाउन सकेका छैनन् । आयोगका सिफारिस पूर्ण कार्यान्वयन तर्फ नेपाल सरकारले निरन्तर प्रतिवद्धता जनाए पनि त्यसको परिणाम सन्तोषजनक आउन सकेको छैन ।

सिफारिस कार्यान्वयनका लागि नेपाल सरकारसहित संसद, नागरिक समाज लगायतका सरोकारवाला निकायहरू सबैले आ-आफ्नो भूमिकालाई प्रभावकारी बनाउन आवश्यक देखिन्छ । आयोगका सिफारिसहरूलाई पूर्ण कार्यान्वयन गर्नुपर्ने संवैधानिक र कानूनी दायित्व नेपाल सरकारको हो । सम्माननीय राष्ट्रपतिज्यूबाट केहि दिन अघिमात्र संघीय संसदको संयुक्त बैठकमा प्रस्तुत भएको नेपाल सरकारको नीति तथा कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस कार्यान्वयन गरिने भनी गरिएको प्रतिबद्धता प्रति आभार व्यक्त गर्दै यो व्यवहारमा कार्यान्वयन हुने आशा मैले लिएको छु ।

यस अवधिमा आयोगले मौलिक हक कार्यान्वयन, प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन, नेपाल सरकारको मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना कार्यान्वयन, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाती, मधेशी, दलित, मुस्लिम, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय, श्रमिक, किसान, पीडित समुदाय, दिगो विकास लक्ष्य, व्यवसाय र मानव अधिकार तथा जलवायु न्याय समेतको विषयमा गरेको अनुगमन तथा सम्बर्धनात्मक कार्यबाट यी

समुदाय र क्षेत्रको मानव अधिकार प्रचलनको लागि तीनै तहका सरकारबाट प्रभावकारी पहल हुनुपर्ने देखिएको छ । मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा तथा मानव अधिकार सम्बन्धी सन्धिजनित समितिहरू र विशेष समाधिक्षकहरूबाट नेपाल सरकारलाई गरिएका सिफारिसहरूको प्रभावकारी कार्यान्वयनमा पनि गम्भीर हुनुपर्ने देखिएको छ । मानिसका बहुआयामिक अधिकारलाई प्रत्यक्ष प्रभाव पार्ने भ्रष्टाचार र अनियमितता जस्ता गतिविधि रोकी सीमान्तीकृत सहित सबै नागरिकहरुको हक अधिकार सुनिश्चित गर्दै सामाजिक न्याय सहितको आर्थिक समृद्धि हासिल गर्न सरकारले गम्भीर कदम चाल्न आवश्यक छ । साथै संविधानले परिकल्पना गरेको समानुपातिक समावेशी सिद्धान्तको मर्मलाई व्यवहारमा उतार्न र मानव अधिकारमुखी पद्धति लागू गर्न थप कार्य गर्न आवश्यक छ ।

आयोगले यसै वर्ष मानव अधिकार रक्षकहरूको राष्ट्रिय सम्मेलन आयोजना गरेको थियो । सम्मेलनमा मानव अधिकार रक्षकहरूको पहिचान, मर्यादा र सुरक्षाको सम्बन्धित आयोगबाट तयार पारिएका विधेयकको मस्यौदामा छलफल भएको थियो । मानव अधिकार रक्षकहरूको सवाल सम्बोधन हुने गरी मानव अधिकार रक्षकका लागि छुट्टै कानून निर्माणका लागि पहल हुन समेत आयोग सरकार र व्यवस्थापिका संसदलाई आग्रह गर्दछ ।

सम्माननीयज्यू,

संक्रमणकालीन न्यायको विषय छिटो टुंगिनु पर्दछ भन्ने विषयमा आयोग दृढ छ । विस्तृत शान्ति सम्झौताको १७ वर्ष बितिसक्दा पनि पीडितहरूले न्यायको अनुभूति गर्न नपाउनु दुःखद विषय हो । सर्वोच्च अदालतको आदेश, आयोगको सिफारिस तथा पीडितको अपेक्षाका साथै अन्तर्राष्ट्रिय मूल्यमान्यता अनुरूप संक्रमणकालीन न्यायसम्बन्धी कानूनको संशोधन हुनु पर्दछ भन्नेमा आयोग स्पस्ट छ । तसर्थ पीडितहरूलाई न्याय प्राप्त हुने गरी कानून संशोधन तथा संक्रमणकालीन न्यायका बाँकी कार्य पूरा होस् भन्ने समेत यस अवसरमा सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष आग्रह गर्दछु ।

आयोगको स्थापनाकाल देखि नै Global Alliance of National Human Rights Institutions (GANHRI) को स्तर निर्धारणमा A श्रेणीमा रहँदै आएको छ । GANHRI को Sub-Committee on Accreditation (SCA) बाट प्राप्त सुझावहरूको कार्यान्वयनका लागि नेपाल सरकारसमक्ष विशेष जोड दिन आयोग आग्रह गर्दछ । SCA बाट प्राप्त सिफारिसहरूको कार्यान्वयनमा आयोग स्वयंले समेत पहल गरेको स्मरण गराउन चाहनछु । तसर्थ आयोगको स्वायत्तता र स्वतन्त्रता कायम हुने गरी पेरिस सिद्धान्त बमोजिम राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को संसोधन वा छुट्टै नयाँ कानून निर्माण गरी SCA ले गरेको सिफारिस कार्यान्वयनका लागि आयोग सरकार र संसद समक्ष विशेष आग्रह गर्दछ । यस अवधिमा SCA को सिफारिस बमोजिम आयोगले सिमान्तीकृत वर्गको मानव अधिकार संरक्षण, महिला हिंसा तथा विभेदसम्बन्धी कार्यहरूमा सरकारलाई थप जिम्मेवार बनाउन कार्यहरू गर्दै

आएको
छ ।

नेपाल सरकारको चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजनाले सम्बोधन गरेको आयोगका कर्मचारीको सेवा शर्त सम्बन्धी ऐन यस अवधिमा पनि जारी हुन सकेन । राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ लाई नेपालको संविधानको मर्म र पेरिस सिद्धान्त बमोजिम आर्थिक स्वायत्तता समेत सुनिश्चित हुने गरी समयानुकूल संसोधन हुन आवश्यक छ । कानूनी प्रबन्धको अभावमा २० औं वर्षदेखि द्वन्द्वमा समेत योगदान पुऱ्याएका कर्मचारीहरू खाली हात घर जानुपर्ने अवस्था विद्यमान छ ।

वि.सं. २०७२ सालको भूकम्पबाट क्षति हुन पुगेको आयोगको भवन निर्माण प्राथमिकतामा पर्न सकेको छैन । आयोगका अन्य कार्यालयहरू समेत भाडाका घरमा संचालनमा रहेका छन् । दीर्घकालीन रूपमा आयोगको केन्द्रसहित सबै  कार्यालयहरू व्यवस्थापनका लागि जग्गा प्राप्त गरी भवन निर्माण गर्नुपर्ने छ । सङ्घीय संरचनाअनुसार आयोगले तय गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाएको आयोगको साङ्गठिनक संरचना समेत स्वीकृत भइसकेको छैन । तसर्थ सम्माननीयज्यूबाट आयोगको केन्द्रीय कार्यालयलगायत मातहत कार्यालयहरूको भवन निर्माण, आयोगको ऐन संसोधन, मानव अधिकार सेवा गठन सम्बन्धी कानून निर्माण तथा आयोगको साङ्गठिनक संरचना स्वीकृत गर्ने कार्यहरू चाँडै नै सम्बोधन हुनेछ भन्ने आयोगले आशा र विश्वास लिएको छ ।

अन्त्यमा, आज सम्मानित हुने सबै कर्मचारीहरूलाई हार्दिक बधाई छ । यो सम्मानले तपाईंहरूलाई थप उत्प्रेरित बनाई मानव अधिकार संरक्षण र संवर्धनमा अझै बढी सक्रिय हुन हौसला प्रदान गर्ने छ भन्ने विश्वास लिएको छु । आयोगले यस वर्ष १५ भन्दा बढी गैसस/नागरिक समाजसँग प्रत्यक्ष सहकार्य गरी कार्य गरिरहेको छ । (UNDP) ले स्थापनाकालदेखि नै सहयोग गर्दै आएको छ । त्यसका लागि विशेष धन्यवाद दिन चाहन्छु । UN WOMEN र UNFPA सँग MOU भै सहकार्य हुँदै आएको छ ।

आयोगलाई प्राप्त विश्वास, सहयोग र सहकार्यका लागि संघीय संसद, नेपाल सरकार, न्यायपालिका, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) लगायत संयुक्त राष्ट्र संघीय निकायहरू, युरोपियन युनियन, नेपालस्थित कुटनीतिक नियोगहरू, सम्पूर्ण मानव अधिकार समुदाय, नागरिक समाज, अर्न्तराष्ट्रिय समुदाय र पीडित सहित सबैमा आभार व्यक्त गर्दछु । अन्त्यमा, नेपाल सरकारको मानव अधिकारप्रतिको जवाफदेहितामा अभिवृद्धि होस्, मानव अधिकार अभियान अझै सशक्त बनोस्, सबैको अधिकार सुनिश्चित होस्, मानव अधिकारको संस्कृति सुदृढ हुँदै घरघरमा पुगोस् भन्ने शुभकामनाका साथ राष्ट्रिय मानव अधिकार आयोग मानव अधिकारको संरक्षण र संवर्धनमा दृढताका साथ जुटिरहने प्रतिबद्धता जनाउँदै बिदा हुन चाहन्छु । धन्यवाद !

॥ धन्यवाद ॥

१२ जेठ २०८०, राष्ट्रिय सभा गृह, काठमाडौं, नेपाल